हरेक खबर, विशेष खबर

जि.प्र.का.सि.द.नं. ११७/०७६/०७७

राष्ट्रिय दैनिक

# लहानपोस्ट

LAHANPOST DAILY

वर्ष : ०१ अंक : १२८ पृष्ठ : ४ २०७७ मंसिर २३ गते मंगलबार (Tuesday 08 December 2020) www.lahanpost.com मूल्य रु. ५।-

FOLLOW US facebook: lahanpost YouTube : lahanpost twitter : lahanpost instragram : lahanpost

मो. ९८०५९६१००६

जे.डी.

स्टेशनरी एण्ड स्पोर्ट्स सेन्टर

लहान-६



यहाँ पुस्तक, स्टेशनरी, स्पोर्टका समानहरू अर्डर अनुसार पाईन्छ ।

• पौरखी हातहरु •

## घरेलु इलममा जम्यो ठाकुर 'दम्पत्ति'

विदेशमा १४ वर्ष बसेर पनि इच्छा अनुसार आम्दानी गर्न नसकेका सिरहा सारस्वर–१२ का रामहरी र गृहिणी निर्मला ठाकुर दम्पत्ति घरेलु इलममा जिल्लामैं उदाहरणीय बनेका छन् ।

रामहरी काठको कारिगढ र अक्षर खुट्याउन नसक्ने निर्मला मिथिला संस्कृतिसँग जोडिएको लाहा चुरीको प्रशिक्षक र थोक बिक्रेताका लागि जिल्लामैं नमुनामा दरिन्छन् । २४ वर्षकैं उमेरमा पहिलो पटक कतार हान्निएका रामहरी १४ वर्षसम्म खाडी मुलुकमा रातदिन खटिदा समेत प्रगति गर्न नसकेपछि आफ्नै थलोमा काठको काम गर्न थालेका हुन ।

'कतारमा दिनरात खटेर पनि प्रगति हुन नसकेपछि फेरि फर्केर आए' ठाकुरले भने 'कहिले सिकर्मी र कहिले एयरकण्डिसनर बनाउने कारखानामा मजदुरी गरेर बिताए तर मासिक ४० हजारदेखि ५० हजारभन्दा बढी कमाई कहिल्यै भएन ।'

'त्यतिको रकम विदेशमा कोठा भाडा, खानपिन र लवाईमा खर्चेर केही मात्रै घर पठाउन सकिन्थ्यो जसबाट घरमा केही बच्दैन थियो' विगत सम्झदै उनले भने 'जसोतसो आफूले लिएको ऋण चुक्ता गरेर फेरि घर फर्केर यही सिकर्मीको इलम सुरू गरे ।' विदेशबाट फर्केर इलम सुरू गरेको सात वर्षपछि अहिले ठाकुर घरमै काठको फर्निचर सञ्चालन गरी मासिक ५० हजार आम्दानी लिन्छन् । आफ्नै घरमा सञ्चालित फर्निचर उद्योगले गाउँभरीका उपभोक्तालाई पलङ, कुर्सी, दराज, टेबुल लगायतका काठका सामानहरू आपूर्ति गर्छन ।

बिहेबारीको सिजनमा फर्निचर उद्योगबाट कमाई गर्छन भने अन्य सिजनमा घर वरिपरि लगाएका तरकारीबाली र एक बिघा जमीन रहेका माछापोखरी उनको मुख्य आम्दानीको श्रोत बनेको छ । 'विदेशमा खट्दा खट्दा दिक्क मानेर गाउँ आए घरमा खट्न कुनै दिक्दारी लाग्दैन' उनले भने 'विदेशमा अरूका लागि खटिन्छ तर यहाँ त आफ्नै लागि खटिन्छ, जति खटयो त्यत्ति आम्दानी आफ्नै लागि हुने ।'



रामहरी काठको कारिगरको लागि गाउँभरी चर्चित छन् भने पत्नी निर्मला ठाकुर लाहाचुराको प्रशिक्षकको रूपमा जिल्लाभरी चर्चित छिन् । सुरुमा १६ दिने लाहा चुरा बनाउने तालिम लिएर लाहा चुरा बनाएर बिक्री गर्न सुरू गरेकी निर्मला अहिले लाहा चुरीको थोक बिक्रेतासँगै सिरहा, सप्तरी र धनुषा जिल्लामा प्रशिक्षण समेत चलाउँछिन् ।

घरभित्र भान्साको काममा मात्र सीमित निरक्षर निर्मला सहित टोलका १३ महिलालाई सरस्वती लघु उद्यमी समूह गठन गरी लघु उद्यम विकास कार्यक्रमले लाहा चुरी बनाउने तालिम दिएपछि गृहिणीबाट उद्यमी महिलामा परिणत भएको उनले सुनाईन ।

'तालिम लिएपछि सुरूमा लाहा चुरी बनाएर बेच्न थाले' उनले भनिन् 'मैथिल महिलामा काँचको भन्दा लाहा चुरी

बाँकी ३ पेजमा

## अवैद्य गर्भपतन बढ्दो

सिरहा । सुरक्षित गर्भपतनको इजाजत नलिइकनै सिरहामा निजी स्वास्थ्य केन्द्रहरूले अवैद्य गर्भपतन गर्ने क्रियाकलाप बढ्दो छ । नियमनकारी निकायको निगरानी नहुँदा अवैद्य गर्भपतन बढेको हो ।

सरकारी अस्पताल र स्वास्थ्य केन्द्रहरूबाहेक सिरहामा निजी अस्पताल, पोलिक्लिनिक र क्लिनिक गरी दुई वर्षअघिसम्म ६५ वटाभन्दा बढी निजी स्वास्थ्य केन्द्रहरू सञ्चालनमा रहेको स्वास्थ्य कार्यालयले जनाएको छ । निजी अस्पताल, पोलिक्लिनिक र स्वास्थ्य क्लिनिकले विरामीको साधारण रोग परिक्षण तथा उपचार गर्ने इजाजत पाए पनि कुनै पनि किसीमका चिरफारजन्य उपचार तथा

बाँकी ३ पेजमा










फ्रेन्डस मोडेल हस्पिटल, लहान-४

(शिव मन्दिरको उत्तरपट्टि रघुनाथपुर)

हाम्रो सेवाहरू

NICU सहितको प्रसुति सेवा

२४ औं घण्टा इमरजेन्सी सेवा

डाक्टरहरू

| | |
|---|---|
| बालरोग विशेषज्ञ | डा. वृजेन्द्र यादव |
| मधुमेह, प्रेसर | डा. ल्युस्युन यादव |
| प्रसुति रोग विशेषज्ञ | डा. विरेन्द्र यादव |

# सम्पादकीय

## धार्मिक पर्यटकीय क्षेत्रको संरक्षण गरौं

धार्मिक पर्यटन तथा तीर्थयात्रा संसारकै पुरानो पर्यटन मानिएको छ । युनेस्कोका अनुसार संसारका ६० प्रतिशत मानिस कुनै न कुनै धर्मको अभ्यास गर्छन् र उनीहरू नै धार्मिक पर्यटनका मुख्य आधार पनि हुन् । धार्मिक पर्यटन एसिया अनि दक्षिण एसियाली देशहरूमा झनै महत्वपूर्ण छ । यसर्थमा कि यहाँ प्रशस्त मात्रामा धार्मिक तथा आध्यात्मिक पर्यटकका लागि इतिहास बोकेका धरोहर छन् । भारत वर्ष अनि नेपाल त संसारको प्राचीनतम् सनातन धर्म र यसको अभ्यासका लागि विश्वमै प्रख्यात रहिआएको छ ।

आज विश्वमै वैज्ञानिक युग बन्न पुगेको छ भने अर्कोतिर मानिसको हृदय र मानसपटलमा धर्मले पनि ठूलो स्थान ओगट्न सफल भएको छ । एक त रमणीय यात्रा हुनु, अर्को भगवानको दर्शन गर्न पाउनु यो भन्दा ठूलो के हुन सक्छ र । तीर्थस्थलबाट पवित्र जीवन र ज्ञानयुक्त जीवन प्राप्त हुन्छ । तीर्थबाट धर्म र मोक्ष प्राप्त हुन्छ भन्ने कुरा हाम्रो शास्त्रले पनि वर्णन गरेको छ । तसर्थ जीवनको लक्ष्य, धर्म र मोक्ष प्राप्तिको लागि तीर्थ गर्नुपर्दछ भन्ने धारणा रहेको छ ।

सिरहा जिल्लामा संभावना बोकेका ऐतिहासिक तथा पुरातात्विक सम्पदा प्रशस्त छन् । जिल्लाका ऐतिहासिक साँस्कृतिक सम्पदाहरु महिसोथास्थित सलहेस दरबार, कमल दह, सलहेश फूलबारी, पकडियागढ लगायत दर्जनौं सम्पदाहरु यस जिल्लामा छन् । यी क्षेत्रलाई संरक्षण गर्न सके धार्मिक पर्यटनका लागि प्रचुर संभावनायुक्त छ । यसको संरक्षणका लागि सलहेस सर्किट बनाएर अघि बढ्न सक्नुपर्छ । अझ जिल्लामैं लहान नगरपालिका पर्यटनका लागि सम्भावित नमुना नगरक्षेत्र बनेको हो । नगरपालिकाको १२ नम्बर वडा सलहेश फुलबारी, १५ मा राजदेवी स्थान, १६ नम्बर वडामा अवस्थित काभ्रे महादेवस्थल, १७ मा देवीदह, १८ मा पकडिया गढ, २० मा ब्रम्हाण फुलबारी, २४ मा मानिक दह र खपटे डाडा लगायत ऐतिहासिक, धार्मिक पर्यटनस्थल लहान नगर क्षेत्रभित्र छन् ।

नगरपालिकाको १६ नम्बर वडास्थित चुरे क्षेत्रको ओडारभित्र रहेको काभ्रे महादेवस्थललाई दोस्रो हलेसीको रुपमा लिइन्छ । काभ्रेपानी महादेवस्थल ओडारभित्र प्राकृतिक रुपमा उत्पति भएको शिवलिङ्ग र त्यसमाथि गाईको थुन जस्तो ओडारभित्रको छत छ । धार्मिक क्षेत्रको रुपमा मान्यता पाएकोले काभ्रे महादेवस्थलसम्म पुग्नकै लागि सडक डिभिजन कार्यालयले बाटोमा दुई वटा पुल निर्माण कार्य गरिसकेको छ ।

पुर्वप्रधानमन्त्री माधव कुमार नेपालको नेतृत्वको सरकारले घोषणा गरेको वृहत सलहेश पर्यटकीय क्षेत्रअन्तर्गतका प्रमुख स्थलहरु सलहेश फुलबारी, पकडियागढ, देवीदह र ब्रम्हाण फुलबारी साँस्कृतिक सम्पदाभित्र सूचिकृत गरिसकिएको छ । ती सबै स्थानहरु राजा सलहेशको गाथासँग सम्बन्धित छन । ती स्थानको वृहतर विकासको लागि रणनीति बनाइसकिएको छ । यसैगरी, नगरपालिकाको १५ नम्बर वडामा अवस्थित राजदेवी माताको मन्दिर भाकल पूरा गर्ने भगवती देवीस्थानको रुपमा परिचित छ । उक्त मन्दिरमा वैशाख पूर्णिमाका दिन बोकाको बलि चढाए भाकल पुरा हुने विश्वासका कारण एकै दिनमा २५ हजारभन्दा बढी बोकाको बलि दिइन्छ ।

तसर्थ सरोकारवाला निकायहरुले यी सबै ऐतिहासिक स्थलहरुको विकास गर्न सक्यो भने यो जिल्ला पर्यटकीय क्षेत्रको रुपमा समृद्ध जिल्ला बन्न सक्छ । तर ऐतिहासिक तथा पुरातात्विक सम्पदाको विकास, सम्पदा संरक्षण र प्रवर्द्धनका लागि एकीकृत गुरुयोजना तयार गरेर अगाडि बढ्न जरुरी छ ।

# सूचना प्रविधि : भ्रष्टाचार निवारणका लागि कि भ्रष्टाचारका लागि ?

पालिका बहस

कृष्ण वर्मा



'अब कर्मचारी निजामती पोसाकमा सरकारी सवारी साधनमा हिंडेर आफूले जति गर्बिलो महसुस गर्छ त्यति नै जनताले उसलाई घृणा र अपमान गरेको पाइन्छ ।'

भ्रष्टाचार र अनियमिततालाई कसरी र कति बेला निर्मूल पार्न सकिन्छ भनेर हरेक मुलुकहरु सक्रिय रुपले जुटेका छन् । भ्रष्टाचार र अनियमितता लगायतका सुशासनका अवयवहरुलाई मूर्तरुप दिन सबैलाई सकस परेको अवस्था विद्यमान रहेको छ । भ्रष्टाचार र अनियमितता मात्रै केही प्रतिशतमा कम गर्न सकिन्छ भने हाम्रो जस्तो देशले एक सातामै अनुभव गर्ने बनाउन कुनै समस्या नै छैन, अनुभव गर्ने बनाउन सूचना प्रविधिको सही र व्यवस्थित प्रयोगले नै एक मात्र विकल्प हो ।

हाम्रो जस्तो परम्परागत रुपमा चलेको प्रशासनलाई अहिलेसम्म पनि भ्रष्टाचार र अनियमितताको पर्यायवाची भनेर चिनिन्छ । कर्मचारी र नीति निर्मातालाई देख्दा बित्तिकै जनताको मनमा श्रद्धा भन्दा घृणा बढी पैदा हुन थालेको छ । 'अब कर्मचारी निजामती पोसाकमा सरकारी सवारी साधनमा हिंडेर आफूले जति गर्बिलो महसुस गर्छ त्यति नै जनताले उसलाई घृणा र अपमान गरेको पाइन्छ ।' भ्रष्टाचार जहाँ छ त्यो सरकारी कर्मचारीले मात्रै नभएर यसमा निजी क्षेत्र र सम्पूर्ण सरोकारवालाहरु पनि मुछिएता पनि बदनाम भने सार्वजनिक पद धारण गरेकै व्यक्ति हुने गरेको छ । भ्रष्टाचार हाम्रो जस्तो अविकसित र अस्थिर राजनीति प्रणाली भएको मुलुकमा यो एउटा शनि ग्रह नै भएको छ । अहिले जसले जे गरी सरकारी ढुकुटी खर्च गर्दा पनि भ्रष्टाचार नभएको पाउन १ मुखे रूद्राक्ष पाउनु बराबर छ ।

सदियौँदेखि अभ्यासमा आई रहेको भ्रष्टाचार र २१ औं शताब्दीकै उत्कृष्ट विकास भनेर चिनिने सूचना प्रविधिको पनि त्यसैमा साथमा साथ दिएको आभास हुन्छ । भ्रष्टाचार निवारण र नियन्त्रण गर्न सूचना प्रविधिको प्रयोगलाई कोशे ढुङ्गा साबित गर्न विकसित मुलुकहरु अभ्यासरत रहेको अवस्थामा हाम्रोमा भने सूचना प्रविधि नै भ्रष्टाचार गर्ने मेलो बनेको छ । सूचना प्रविधिलाई अवलम्बन गर्ने र गराउने पद्धतीकै कारण यो समेत बदनाम भई रहेको अवस्था छ ।

सूचना प्रविधि के लाई भन्ने विषय नै हाम्रो देशमा प्रष्ट छैन । हाम्रोमा सूचना प्रविधिलाई केबल कम्प्युटर र प्रिन्टर जस्ता सामाग्री खरिद र तिनको सामान्य प्रयोग गर्नेलाई मात्र भन्ने गरिन्छ भन्ने परिभाषा हाम्रो व्यवहारले नै देखाएको छ । वास्तवमा सूचना प्रविधि भन्नाले कम्प्युटर, मोबाइल, र सञ्चार लगायतका साधन, सञ्चार प्रविधि, विभिन्न किसिमका समस्या समाधान गर्ने सजिलो र केन्द्रकृत सफ्टवेयर जडित पद्दती र प्रणालीलाई सूचना प्रविधि भनेर भनिन्छ । एउटा सानो निजी संस्थाले सूचना प्रविधिका अधिकांश प्रविधि अवलम्बन गरेर कत्रो प्रगतिको फड्को मारेको छ जहाँ उसको अधिकृत पुँजी भन्दा बढी एउटा सरकारी कार्यालयको वार्षिक बजेट हुने गर्दछ तर प्रगति र सुधार भने जहिले पनि शून्य सरह नै हुने गरेको छ ।

भ्रष्टाचार निवारणको अचुक उपायकोरुपमा चर्चित साधन र श्रोत हो सूचना प्रविधि, जुन कुरालाई विभिन्न कानुन र व्यवहारले समेत प्रतिबद्धता जनाइएको छ । यही भ्रष्टाचार र अनियमितता निवारणको लागि सरकारी निकायबाट मातहतका निकाय र कार्यालयहरूलाई हरेक वर्ष अधिक बजेट विनियोजन गरिन्छ । तर सो बजेट केबल सूचना प्रविधि भन्ने शीर्षकबाट नियमित रुपमा सामाग्री खरिद गरी भ्रष्टाचार गर्ने गरिन्छ त्यो पनि आफू मनलाग्दो । खरिद गर्नु र उपयोग गर्नु फरक कुरा हो भन्ने जान्दा जान्दै पनि प्रयोग र उपयोगलाई भन्दा खरिदलाई मात्र महत्त्व दिइन्छ । हाम्रो देशमा कम्प्युटरको प्रयोग केवल चिठी पत्र, प्रतिवेदन लगायतका सामग्री टाइप प्रिन्ट गर्न र लेखा तथा इन्जिनियरिङ कामको लागि मात्र प्रयोग गरिन्छ र यसैलाई हामी सूचना प्रविधिको भरपुर उपयोग भनेर भन्ने गरेका छौं । के यो मात्रै हो त सूचना प्रविधिको प्रयोग ? म सरोकारवाला निकायसँग यसको उत्तरको अपेक्षा गरेको छु ।

हरेक वर्ष कार्यालयमा इन्टरनेटको लागि भनेर मुलुकमा करोडौं बजेट खर्च गर्ने गरिन्छ तर त्यो त्यत्रो बजेटको कार्यालयको काम भनेको अद्यावधिक नगरिएका वेबसाइट खोल्नु र कहिले कसो इमेल त्यही पनि अरुको सहयोगमा खोल्ने, हेर्ने र सके पठाउनु भन्दा अर्को काम इन्टरनेटको कुनै छैन तर त्यो भन्दा बढी इन्टरनेटको प्रयोग सामाजिक सञ्जाल चलाई दिन व्यतीत हुने गरेको प्रमाण घाम जस्तै छर्लङ्ग छ ।

हामीले किन हरेक वर्ष महँगा कम्प्युटर र प्रिन्टर खरिद गर्छौं, त्यसको प्रयोग के र कसरी भई रहेको छ ? त्यसको मतलब छैन, कुनै कुनै कार्यालयमा कर्मचारी भन्दा बढी कम्प्युटर लगायतका सामग्री खरिद गरिन्छ र कार्यालयमा खपत नभएर कर्मचारीका परिवारसम्मले यसको भरपुर प्रयोग गर्ने गरेका छन् । आएको बजेट सक्नेलाई मात्र प्रगति मान्ने हाम्रो जस्तो परिपाटी भएको मुलुकमा यी र यस्तै साधनलाई भ्रष्टाचार र अनियमितता निवारणको अचुक उपाय भनेर भन्नु नै हास्यास्पद छ ।

हामीले भन्दै आएको सूचना प्रविधिको प्रयोगलाई कार्यालयका चिठी पत्र टाइप प्रिन्ट गर्ने, प्रतिवेदन तथा लेखा तथा जिन्सीका आफ्नै मेहनतमा काम फत्ते गर्ने, कार्यालयको अगाडि डिजिटल बोर्ड राख्ने, कुनै वर्ष ई-हाजिरी जोड्ने, सी.सी.टी.वि. क्यामेरा जडान गर्ने, हाई स्पिड इन्टरनेट जडान गर्ने हो । तर वास्तवमा यो सूचना प्रविधिको एउटा अङ्ग भए पनि पूर्ण भने होइन । यसैमा हामीले माथिल्लो निकायदेखि तल्लो निकायसम्म आन्तरिक नेटवर्किङ स्थापना, सरल र सहज सफ्टवेयरहरुको प्रयोग, तलमाथि गराउन नसकिने गरी प्रयोग हुने दर्ता, चलानी, हाजिरी, जिन्सी लगायतका व्यवस्थापन हुन सके मात्रै सूचना प्रविधिको भरपुर प्रयोग हुने छ नकि भ्रष्टाचार र अनियमितता गर्ने साधन ।

यसमा हाम्रो माथिल्लो निकाय र सतिप्रथे युगका कर्मचारीहरुको हाली मुहालीले गर्दा सूचना प्रविधिको वास्तवमा प्रयोग हुन सकी रहेको छैन । सूचना प्रविधिलाई स्वैच्छिक होइन बाध्यकारी बनाउनु पर्छ । हिंड्दा ठेस लाग्ने गरी सामग्री खरिद गरिनुलाई मात्र सूचना प्रविधिको भरपुर प्रयोग भन्नु नै भ्रष्टाचार र अनियमितता गर्नु हो । हामीले जोड्ने सूचना प्रविधिको लगत ईष्टिमेट कसले गर्ने गरेको छ ? यसको उत्तर हो कार्यालयका प्रशासक र उसका नजिकका अप्राविधिक कर्मचारीले अनि यहीबाट सुरु भएको अनियमितता त्यो बिग्रिएर न थन्काउन्जेल त्यो गरिखाने बाटो बनाउने कुरा त छदै छ र पनि हामी भन्ने गर्छौ भ्रष्टाचार र अनियमितता रोक्ने उपाय सूचना प्रविधिको प्रयोग। अनि यही सञ्चालन गर्न भनी भर्ना गरिने नेता तथा राजनीतिक दलका करारका कर्मचारी यो भन्दा बढी उपयोग गरेको देखिँदैन ।

सूचना प्रविधिको प्रयोग र उपयोगले अप्ठ्यारोलाई सजिलो, किफायती, कम श्रम र साधन लाग्ने हो तर हाम्रो सरकारी निकायमा त्यसको ठिक उल्टो छ, दुख दिने नियतले यसको विकास गरिएको हुन्छ । सकेसम्म हाम्रोमा सफ्टवेयरको प्रयोग गरी कार्यालय सञ्चालन गरिन्न यदि गर्नै पर्‍यो भने पनि त्यसमै फेरी चलखेल सुरु भई त्यहाँ पनि जसलाई रोक्ने हो त्यसैले स्थान पाउँछ । नेपाल सरकारका केही निकायहरूले यसको भरपुर प्रयोग पनि गरेका छन् जसमा सम्मानित श्री सर्वोच्च अदालत र मातहतका अदालतमा प्रयोग भएको सफ्टवेयर, मलेनिकाले सञ्चालन गरेको लेखा सम्बन्धी सफ्टवेयर आदि । यसरी प्रयासरत भईरहेता पनि हरेक वर्ष परिमार्जन भन्दा परिवर्तन

————बाँकी ४ पेजमा

## आजको राशिफल

हाम्रो पात्रोबाट साभार

**मेष** :- आज साथीभाइको सहयोगले हिम्मत दिलाउनेछ । धार्मिक तथा समाजसेवामा मन लाग्नेछ । व्यापारबाट सोचेजस्तै लाभ प्राप्ति हुने योग छ । वाहन लाभ रहला ।

**वृष** :- आज गोपनीय ढङ्गले गरिएको क्रियाकलापमा सफलता पाउनुहुनेछ । रमाइलो यात्राको योग रहेको छ । मित्रवर्गबाट सोचेजस्तो लाभ प्राप्त हुनेछ ।

**मिथुन**:- आज राजनिति तथा समाजसेवामा जनताको साथ तथा समर्थन पाईने हुँनाले सार्वजनिक पद पाउने योग रहेको छ । भौतिक सुख पनि मिल्नेछ ।

**कर्कट** :- न्यायिक कार्यमा सफलता मिल्नेछ । अरूलाई प्रभावित पारेर काम बन्नेछ । परिवारमा रमाइलो जमघट हुनेछ र अभिभावकले सन्तुष्टि जनाउने छन् ।

**सिंह**:- आज स्वादिष्ट भोजन पाईनेछ । मनोरञ्जनमा सहभागीता भइएला । महिला वा मित्र बाट विशेष सहयोग मिल्नेछ । बिनाप्रतिस्पर्धा फाइदा हुने योग छ ।

**कन्या** :- अल्छीपन र आलस्य नत्यागेमा आँटेको काममा सफलता नमिल्न सक्छ । आर्थिक कारोवारमा बिवाद आउनेछ । चोटपटकको भयछ सचेत रहनुहोला ।

**तुला** :- आफन्त, सहयोगी र मित्रवर्गको सहयोगले महत्वपूर्ण कार्य सम्पन्न हुनसक्छ । वैदेशिक क्षेत्रको कार्य अघी बढ्नेछ । विशिष्ट व्यक्तिको सहयोग पाईनेछ ।

**वृश्चिक** :- आदर्श ब्यक्तित्व सँगको सहकार्यले नयाँ अनुभव मिल्नेछ । प्रतियोगितात्मक क्रियाकलापबाट लाभ मिल्नेछ । कार्यमा सफलता पाईनेछ । सन्तान सुख मिल्नेछ ।

**धनु** :- आज धार्मिक, सामाजिक महत्वको क्षेत्रको भ्रमण हुनसक्छ । कला,साहित्य तथा संगीतमा रूचि बढ्नेछ । अध्ययन अध्यापन सफल रहेको छ ।

**मकर**:- सानातिना समस्यामा अल्झिनुपर्नेछ । पाचनप्रणालीमा समस्या देखिनसक्छ । दुष्ट व्यक्तिको संगतले आत्मघाती कार्य गर्न पुगिएला सचेत रहनुहोला ।

**कुम्भ**:- रोकिएका अधुरा कामहरु पुरा हुनेछन् । बोलीको प्रभाब बढ्नेछ । प्रणयसम्बन्ध र रतिराग बढाउने समय छ । घरमा परपाहुनाको आगमन हुने सम्भावना पनि छ ।

**मिन** :- विशिष्ठ व्यक्तिको साथ पाईनेछ । आँटेको र ताकेको कार्य पुरा होला । साहित्यिक क्षेत्रमा रूची बढ्नेछ । परोपकारका क्षेत्रमा लगानीको समय छ ।

# प्रदेश-२ का सांसदहरूले फिर्ता गरेनन् दसैं भत्ता



प्रदेश-२ का सांसदहरूले कोभिड-१९ महामारीलाई आफूहरूका बैंक खातामा आएको दसैं भत्ता फिर्ता गर्ने घोषणा गरेका थिए । तर, आफूहरूको घोषणा उनीहरूले एक महिना बित्दासम्म पनि पूरा गरेका छैनन् ।

महामारीको बेलामा पनि सांसदहरूले दसैं भत्ता लिएको भन्दै चर्को आलोचना भएपछि सांसदहरुले पार्टीको निर्देशनानुसार दसैं भत्ता फिर्ता गर्ने घोषणा गरेका थिए । सुरूमा मधेस केन्िद्रत दल जनता समाजवादी पार्टीले कात्तिक ३ र ४ गतेको बैठकबाट प्रतिनिधिसभा र प्रदेशसभा दुवैमा प्रतिनिधित्व गर्ने पार्टीका सांसदहरूले दसैं भत्ता फिर्ता गर्ने घोषणा गरेको थियो । त्यसपछि नेकपा र नेपाली कांग्रेसका सांसदहरूले पनि पाएको दसैं भत्ता फिर्ता गर्ने घोषणा गरेका थिए ।

चाडपर्व खर्चबापत सांसदहरूले ५६ लाख २४ हजार ७७५ रूपैयाँ बुझेका थिए । प्रदेशसभा सचिवालयका सचिव रंजितकुमार यादवले घोषणा गरे अनुरूप सांसदहरूले रकम फिर्ता नगरेको बताए । फिर्ता गर्ने मौखिक प्रतिवध्दता व्यक्त गरे पनि कहाँ र कसलाई फिर्ता गर्ने भन्ने अन्यौलले रकम फिर्ता हुन नसकेको सचिव यादवले बताए ।

सचिवालयकाअनुसार मन्त्री, संसदीय दलका नेता र प्रमुख सचेतक बाहेक प्रदेशसभाबाट ९४ सांसदमध्ये ८८ सांसदले दसैं भत्ता बुझेका छन् । बाँकी अन्य ६ जना सांसदले प्यान नम्बर र बैंक खाता नबुझाएकाले दसैं भत्ता बुझेनन् । उनीहरूको तलब सहितका सेवा सुविधा पनि सचिवालयले रोकेको छ ।

सचिवालयले प्रदेशसभाका सभामुखले ६८ हजार ४ सय ८०, उपसभामुखले ६७ हजार २५, सांसदहरूले ६१ हजार २०, सत्ता पक्षका प्रमुख सचेतकले ६५ हजार ५ सय ३०, दलको नेताले ६५ हजार ५ सय ३०, दलका सचेतकले ६१ हजार ४ सय ८०, सत्ता पक्षका सचेतकले ६७ हजार २५ रूपैयाँ दसैं भत्ता बुझेको जनाएको छ । त्यस्तै प्रमुख प्रतिपक्षी दलको नेता ६७ हजार २५ र प्रमुख सचेतकले ६५ हजार ५ सय ३०, संसदीय समितिका सभापतिले ६५ हजार ५ सय ३० रूपैयाँ दसैं भत्ता बुझेको सचिवालयले जनाएको छ ।

सत्तारूढ तात्कालिन राष्ट्रिय जनता पार्टीका प्रमुख सचेतक परमेश्वर साहले पार्टीको निर्णय अनुसार आफूहरूले दसैं भत्ता फिर्ता गर्ने भनेपनि कहाँ पठाउने भन्ने अन्यौल भएकोले हालसम्म फिर्ता गर्न नसकिएको बताए । उक्त रकम कुन कोषमा फिर्ता गर्ने भन्ने यकिन भएपछि रकम फिर्ता गर्ने उनले बताए । त्यस्तै तात्कालिन समाजवादी पार्टीका प्रमुख सचेतक शैलेन्द्र यादवले पनि रकम कहाँ फिर्ता गर्ने भन्ने अन्यौलताले आफूहरूले रकम फिर्ता गर्न नसकेको बताए । उनले सबै दलको सहमति अनुसार जुन कोषमा रकम पठाउने निर्णय गरिन्छ त्यसमा आफूहरूले बताए ।

प्रमुख प्रतिपक्षी दल नेकपा संसदीय दलका नेता सत्यनारायण मण्डलले पनि कोष यकिन नभएकोले फिर्ता गर्न नसकको बताए ।

## घरेलु...

लगाउने चलन रहेकाले पनि बिक्रीमा समस्या भएन ।' तालिममा सहभागी १३ जना महिलाले सामूहिकरूपमा चुरी बनाएर बिक्री गर्न थालेपछि यसको माग बढ्पछि उत्पादनका लागि लाग्ने कच्चा पदार्थको थोक पसलसँगै निर्मलाले उद्योग नै सञ्चालन गरेकी छन् ।

घरेलु कार्यालयबाट २०७१ सालमा सरस्वती लघु लाहा चुरा उद्योग सञ्चालन गरेकी उनले त्यही उद्योगबाट मासिक ४० हजार आम्दानी लिन सफल भएकी छन् । लघु उद्योगमा १३ महिलाले रोजगारीसमेत पाएका छन् । उद्योग सञ्चालनसँगै लाहा चुरीको प्रशिक्षक बनेकी उनले अहिलेसम्म सिरहा, सप्तरी र धनुषामा गरी १५ स्थानमा लाहा चुरा बनाउने तालिममा प्रशिक्षण लाख ७० हजार रूपैयाँ पारिश्रमिक पाएको उनले सुनाईन ।

घरेलु उद्यमी जोडिको रूपमा चिनिएका रामहरि ठाकुर र निर्मला दम्पतिलाई घरेलु तथा साना उद्योग कार्यालयले जिल्लाकै उत्कृष्ट लघु उद्यमी पुरस्कारले सम्मान समेत गरिसकेको छ ।

## अबैद...

गर्भपतन गराउन पाउँदैनन् । तर नियमनकारी निकायको निगरानीको अभावले सबै पोलिक्लिनिक र क्लिनिकले लुकिछिपी अवैध गर्भपतनको काम गर्दै आइरहेको पाइएको छ ।

स्वास्थ्य कार्यालय सिरहाका अनुसार जिल्ला अस्पताल, लहानस्थित रामकुमार उमाप्रसाद स्मारक अस्पताल र लहानकै सप्तऋषि अस्पताल गरी तीन वटा अस्पताल, स्वास्थ्य कार्यालयद्वारा स्वास्थ्य चौकीमा सञ्चालित प्रसुति केन्द्र तथा मेरी स्टोप्स स्वास्थ्य संस्थाले मात्र सुरक्षित गर्भपतनको सेवाको इजाजत पाएका छन् । स्वास्थ्य कार्यालयमा दर्ता भएका स्वास्थ्य केन्द्र मात्र होइन चोक, बजार र गल्ली गल्लीमा फार्मेसीको आडमा सञ्चालन भइरहेका गोप्य क्लिनिकहरूको प्रमुख खेती नै गर्भपतन हुँदै आएको छ । तर त्यसको ठीक विपरित सुरक्षित गर्भपतनको अनुमति प्राप्त स्वास्थ्य संस्थाहरूमा भने गर्भपतन गराउनेहरू निकै कम जाने गरेका छन् ।

सुरक्षित गर्भपतनका लागि इजाजत पाएका अस्पताल र स्वास्थ्य केन्द्रले पनि १२ हप्तासम्मको गर्भमात्र गर्भपतन गर्न पाउँछन् । त्यसभन्दा बढी समयको गर्भपतन सिरहाका अस्पताललाई गर्न इजाजत छैन । जिल्लाका सरकारी अस्पताल र स्वास्थ्य केन्द्रहरूमा गर्भपतन सेवा सञ्चालनमा रहेपछि अवैद्य गर्भ भएकाहरू पोलिक्लिनिक र क्लिनिक धाउने गरेको हुनसक्ने स्वास्थ्यकर्मीको भनाइ छ ।

अवैध रूपले सञ्चालित गर्भपतन केन्द्रहरूले नियम र कानुनको ख्यालै नराखी गर्भपतन गराउने भएकाले उनीहरूले त्यसवापतको शुल्क पनि महंगो लिने गर्दछन् । यसरी गर्भपतन गराउँदा सेवाग्राहीहरूको अवस्था हेरेर १० देखि २५ हजारसम्म ती पोलिक्लिनिक र क्लिनिकहरूले असुल्छन् । यति हुँदाहँदै पनि गर्भपतन केन्द्रलाई विस्थापन तथा कारबाही गर्न नियमनकारी निकाय समेत उदासिन बन्दा यो व्यापारको रूपमा फस्टाएको स्थानीयको भनाइ छ ।

## महत्वपूर्ण टेलिफोन नम्बरहरू

| | |
|---|---|
| वारुण यन्त्र, लहान | ०३३-५६३११९ |
| ईलाका प्रहरी कार्यालय, लहान | ०३३-५६०१५५ |
| ईलाका प्रशासन कार्यालय, लहान | ०३३-५६०२६६ |
| जि.ट्राफिक कार्यालय, लहान | ०३३-५६०७३७ |
| लहान नगरपालिकाको कार्यालय | ०३३-५६३१३८ |
| नेपाल विद्युत प्राधिकरण, लहान | ०३३-५६०२४६ |
| सव स्टेशन, लहान | ०३३-५६०४०० |
| नेपाल टेलिकम, लहान | ०३३-५६०४४४ |
| प्राविधिक शिक्षालय, लहान | ०३३-५६००१६ |
| अञ्चल यातायात कार्यालय, लहान | ०३३-५६०२१७ |
| रा.उ.स्मारक अस्पताल, लहान | ०३३-५६००१९ |
| आ. राजस्व कार्यालय, लहान | ०३३-५६००८८ |
| कृषि विकास बैंक, लहान | ०३३-५६०१४७ |
| कृषि सामाग्री संस्थान, लहान | ०३३-५६०१४८ |
| घरेलु तथा साना उद्योग, लहान | ०३३-५६०१२८ |
| दु.शा.अतिथि सदन, लहान | ०३३-५६०१६९ |
| आँखा अस्पताल, लहान | ०३३-५६००८० |
| जे.एस.मु.ब.क्याम्पस, लहान | ०३३-५६०२५२ |
| रक्त संचार केन्द्र, लहान | ०३३-५६०९७५ |
| मारवाडी सेवा सदन, लहान | ०३३-५६१४११ |
| जि.प्रशासन कार्यालय, सिरहा | ०३३-५२०१२३ |
| जिल्ला प्रहरी कार्यालय, सिरहा | ०३३-५२०११२ |
| नगर प्रहरी, सिरहा | ०३३-५२०२६७ |
| प्रहरी चौकी, माडर (सिरहा) | ०३३-५२०४०० |
| को.ले.नि.का. सिरहा | ०३३-५२०१३० |
| कृषि विकास बैंक, सिरहा | ०३३-५२०४७० |
| जिल्ला समन्वय विकास कार्यालय, सिरहा | ०३३-५२००३७ |
| सिरहा जिल्ला अदालत, सिरहा | ०३३-५२००५६ |
| जिल्ला अस्पताल, सिरहा | ०३३-५२००६४ |
| जनस्वास्थ्य कार्यालय, सिरहा | ०३३-५२००८१ |
| जिल्ला शिक्षा समन्वय इकाई शाखा, सिरहा | ०३३-५२०००४ |
| नेपाल टेलिकम, सिरहा | ०३३-५२००३३ |
| नेपाल विद्युत प्राधिकरण, सिरहा | ०३३-५२०१६१ |
| राष्ट्रिय बाणिज्य बैंक, सिरहा | ०३३-५२०००२ |
| रेडक्रस सोसाइटी, सिरहा | ०३३-५२००९५ |
| ईलाका प्रहरी कार्यालय, मिर्चैया | ०३३-५५०१०० |
| कृषि विकास बैंक, मिर्चैया | ०३३-५५०००५ |
| सिता नोबेल न्यूज सेन्टर | ०३३-५६००२७ |
| सविना बुक्स एण्ड सप्लायर्स लहान-७ | ०३३-५६०५११ |
| स्वस्तिका इलेक्ट्रिक एण्ड जेनरल अर्डर सप्लायर्स लहान-१० | ९८४२८९०९६५ |

## नगरवासीका लागि जनहितमा जारी सार्वजनिक सन्देश !

१. नगरपालिकालाई बुझाउनु पर्ने सम्पत्ति कर, भूमि कर व्यवसाय कर समयमै बुझाऔं, २. जन्म, मृत्यु, विवाह, बसाइसराइ लगायतका व्यक्तिगत घटना सम्बन्धित घटना भएको मितिले ३५ दिनभित्रै आफ्नो वडा कार्यालयमा दर्ता गरौं, ३. नगरपालिकाभित्र व्यक्तिगत घर तथा उद्योगका भवन लगायतका संरचना निर्माण कार्य शुरु गर्नुअघि अनिवार्य रुपमा निर्माण इजाजत लिऔं, ४. भूकम्प प्रतिरोधात्मक घर निर्माण गरौं, ५. सडक अधिकार क्षेत्र, खोला, नाला, पैनीको साथै पाटी पौवा जस्ता सार्वजनिक स्थान मिचेर कुनै पनि संरचना निर्माण नगरौं । साथै सडक किनारामा व्यापार, व्यवसाय नगरौं, ६. अनुमति विना सडकमा निर्माण सामग्री लगायतका कुनै पनि व्यक्तिगत प्रयोजनका सामान नराखौं, ७. नगर क्षेत्रभित्र कुनै पनि व्यापार, व्यवसाय गर्दा नगरपालिकामा दर्ता गरेर मात्र गरौं, ८. बालबालिकाहरुलाई नजिकैको स्वास्थ्य संस्थामा लगि लगाउनु पर्ने सबै खोप तोकिएअनुसार नियमित लगाऔं र बालबालिकाहरुमा रोग प्रतिरोधात्मक क्षमता विकासमा सहयोग गरौं, ९. उमेर नपुगेका बालबालिकाहरुलाई श्रममा नलगाऔं, १०. विद्यालय जाने उमेर भएका सबै बालबालिकाहरुलाई अनिवार्य रुपमा विद्यालय पठाऔं, ११. छोरा र छोरीमा भेदभाव नगरौं, १२. महिला हिंसा न्यूनीकरणका लागि आ-आफ्नो ठाउँमा पहल गरौं, १३. जेष्ठ नागरिकको सम्मान गरौं, १४. आफ्नो घरबाट निस्किएको फोहरलाई जथाभावी नफालौं, १५. चौपायाहरुलाई छाडा नछोडौं, १६. होटल व्यवसायीहरुले बासी तथा सडेगलेका खानेकुरा नबेचौं । उभोक्ताको स्वास्थ्यमा ख्याल गरौं, १७. नगरपालिका भित्रका सिमसारहरुको संरक्षण र विकासमा सहयोग गरौं ।

लहान नगरपालिका कार्यालय, सिरहा

कर्जन्हा नगरपालिका कार्यालय, सिरहा

मिर्चैया नगरपालिका कार्यालय, सिरहा

सुखिपुर नगरपालिका कार्यालय, सिरहा

कल्याणपुर नगरपालिका कार्यालय, सिरहा

धनगढीमाई नगरपालिका कार्यालय, सिरहा

गोलबजार नगरपालिका कार्यालय, सिरहा

सिरहा नगरपालिका कार्यालय, सिरहा

# सवारी चालकको लाइसेन्स खोल्ने मन्त्रिपरिषद्को निर्णय, कार्यान्वयन गर्न प्रदेशलाई पत्र




सवारीसाधन अनुमति पत्र (लाइसेन्स)को फाराम खुलाउन मन्त्रपरिषद्ले स्वीकृति दिएको छ । मंसिर १५ मा बसेको मन्त्रिपरिषद्को बैठकले यस्तो निर्णय गरेको हो ।

भौतिक पूर्वाधार तथा यातायात मन्त्रालयका अनुसार १५ गतेको मन्त्रिपरिषद्ले सवारीचालकको अनुमतिपत्र, सवारीसाधन जाँचपास र रूट ईजाजतपत्र नविकरण म्याद थप सम्बन्धी प्रस्ताव स्वीकृत गरेको हो । सवारीचालक अनुमतिपत्र (लाइसेन्स) खुलाउन गरेको निर्णय कार्यान्वयन गर्न यातायात व्यवस्था विभागले पत्राचारमार्फत सातै प्रदेशका यातायात कार्यालयलाई अनुरोध गरेको छ । कोभिड–१९का कारण लागू भएको बन्दाबन्दीको कारण सरकारले बैशाख १४ मा सवारीचालक अनुमति पत्रको नवीकरण, सवारी साधनको नवीकरण जाँचपास, सवारी साधन कर, सवारी चालक अनुमतिपत्रको लिखित तथा प्रयोगात्मक परीक्षाको जरिवाना नलिई गर्ने निर्णय गरेको थियो । साउन ५ मा सवारी चालक अनुमतिपत्र को नविकरण गर्ने म्याद बन्दाबन्दी (लकडाउन) को अवधिभित्र परेमा भदौ मसान्तसम्म गर्न सक्ने निर्णय गरेको थियो ।

जसकारणले ढिला भएबापत बुझाउनुपर्ने शुल्क जरिवाना मिनाहा गर्ने व्यवस्था भएको थियो । तर भदौपछि पनि लकडाउन पूर्ण रूपमा नहटेको, चाडवाड तथा विविध कारणले सेवा कार्यालयहरू पूर्णरूपमा नखुलेमा सेवाग्राहीहरूले सेवा लिन सकेनन् । सवारी चालक अनुमतिपत्रको नवीकरण, संघको अधिकार क्षेत्रभित्र पर्ने सार्वजनिक सवारी साधनहरूको जाँचपास र रूट ईजाजत पत्रको नवीकरण गर्ने म्याद मंसिर मसान्तभित्र परेमा ढिलो भएवापत बुझाउनु पर्ने शुल्क मिनाहा गर्ने गरी म्याद थपको प्रस्ताव मन्त्रालयले गरेको थियो ।

सवारी चालक अनुमतिपत्र नवीकरण गर्ने म्याद थप एवं संघको अधिकार क्षेत्र भित्र पर्ने सार्वजनिक सवारी साधनहरूको जाँचपास र रूट इजाजत पत्रको नवीकरण गर्ने म्याद थप मंसिर मसान्तसम्म जरिवाना नलाग्ने गरी कायम गर्न प्रस्ताव गरेको थियो ।

# जग्गा विवादमा कुटपिट, दुई महिला घाइते

**सप्तरी** । सप्तरीको शम्भुनाथ नगरपालिकामा सोमबार बिहान जग्गा विवादमा दुई पक्षबीच भएको कुटपिटमा दुई महिला घाइते भएका छन् । शम्भूनाथ नगरपालिका–१ की सुमिन्द्रादेवी राम र सम्तोलियादेवी साहबीच जग्गाको विषयलाई लिएर विवाद हुँदा एक अर्काको कुटाईबाट ती दुबै घाइते भएकी हुन् ।

रामको रूपनी गाउँपालिकास्थित युनिक अस्पतालमा र साहको बिराटनगरस्थित गोल्डेन अस्पतालमा उपचार भइरहेको प्रहरीले जनाएको छ । दुबै घाइते महिलाले भने एक अर्कामाथी बोक्सीको आरोप लगाउँदै कुटपिट गरिएको बताएकी छन् । जिल्ला प्रहरी कार्यालयका प्रवक्ता समेत रहेको डिएसपी भुवनेश्वर साहका अनुसार सुमिन्द्रा र सम्तोलिया परिवारबीच लामो समयदेखि गाउँकै एक जग्गाको विषयलाई लिएर विवाद रहँदै आएको छ । सोही विषयमा पटक पटक दुबै पक्षबीच झगडा हुँदै आएकोमा निकासका लागि स्थानिय समाज र प्रहरी चौकीमा समेत पञ्चायती बसी निकासको प्रयास गरिएको थियो । तर, विवादित जग्गा बारे दुबै पक्षको आ–आ ँ नै अडानका कारण निकास निस्किन सकेको छैन् ।

समस्या समाधानका लागि कानुनी बाटो अघि बढाइएकै बखत दुबै पक्ष भै झगडामा उत्रिएपछि सो अप्रिय घटना घट्न गएको डिएसपी साहको भनाई छ । पछिल्लो घटना बारे आवश्यक अनुसन्धान भइरहेको उनले बताए । यता उपचारका क्रममा अस्पताल भर्ना भएकी सुमिन्द्रा र सम्तोलिया दुबैले एक अर्कामाथि बोक्सी भन्दै कुटपिट गरेको आरोप लगाउँदै कडा कारवाहीको माँग गरेकी छन् । प्रहरीले भने बोक्सीको आरोपमा कुटपिट भएको दाबी र हल्ला दुबै निराधार रहेको स्पष्ट पारेको छ । डिएसपी साहले भने, एक अर्कालाई फसाउने नियतले मात्र बोक्सीको कुरा उठाइएको छ, बास्तविक कारण जग्गा विवाद नै हो ।

# महिला र पुरुष सिनियर क्रिकेट खेलाडी छनौट



**सिरहा** । सिनियर राष्ट्रिय महिला क्रिकेट प्रतियोगिता छनौटको लागि सिरहा जिल्लाबाट खेलाडी चयन गरिएको छ ।

सिरहा जिल्ला क्रिकेट संघले प्रदेश २ स्तरीय छनौटको लागि १२ जना महिला क्रिकेट खेलाडी चयन गरेको छ । कविता गौतम, सरस्वती चौधरी,सन्तोषी चौधरी, आरती चौधरी, अनुराधाचौधरी, उर्मिला चौधरी, मिना महतो, निलम महतो निका महतो, निषा साह, ललिता साह र अर्चना महतोलाई छनौट समितिले प्रदेश २ का निम्ति छनौट गर्न चयन गरिएको छ । यस्तै उक्त टोलीको टिम कोचमा अनिल शर्मा र टिम म्यानेजरमा श्यामबाबु यादव रहेको सिरहा जिल्ला क्रिकेट संघका अध्यक्ष सुनिल महासेठले जनाएको छ ।

यस्तै पुरूष खेलाडी तर्फ पनि खेलाडी चयन गरिएको छ । ओमकार यादव, प्रदिप पासमान, मो फतेह सिद्धिकी, राकेश कामैत, सुमन गहराज, रूपेश सिंह, दिलिप यादव (कप्तान), मो.अफरूद्दीन राईन, मनोज यादव, पार्थिप यादव, प्रदीप पंडित, तारकेश्वर मुखिया, अशोक यादव, अभिनव यादव रहेको अध्यक्ष महासेठले जनाएको छ । बैकल्पिक खेलाडीहरूमा कुश मण्डल, अमित मण्डल, संजय यादव, सुमित दास र देवेन्द्र साह रहेको अध्यक्ष महासेठले जनाएको छ ।

सिरहाबाट चयन भएका क्रिकेट खेलाडीहरू प्रदेश २ को छनौट खेलमा राम्रो प्रर्दशन गर्नुपर्ने हुन्छ । प्रदेश २ को छनौटमा उत्कृष्ट प्रर्दशन गर्ने खेलाडीहरू प्रदेश २ स्तरीय टोलीमा समावेश गरिने संघले जनाएको छ ।

देशभरी प्रधानमन्त्री कप क्रिकेट प्रतियोगिताको लागि खेलाडी चयन गरिदैछ ।

# सूचना...

गर्ने प्रक्रिया भने सुधार गरिनु नै पर्छ । तर यिनकै प्रयोग गरे पनि अन्तिममा फेरी प्रतिवेदनको स्र्पमा यसो र उसो चाहियो भन्ने कर्मचारीको पनि कमी भने छैन त्यहीबाट थाहा हुन्छ सूचना प्रविधिको प्रयोग र यसलाई अवलम्बन गर्ने कर्मचारीहरूको दृष्टिकोण ।

सूचना प्रविधिको प्रयोग हाम्रो मुलुकमा बन्चरोले दाह्री काटे जस्तै भई रहेको छ भन्दा नै हुन्छ । जसको प्रयोगले ठुलो काम र पारदर्शी काम हुन्छ त्यो गरिन्न केबल सानो सानो मात्र । ई–हाजिरी खरिद गरेर जोड्नु, अनावश्यक कम्प्युटर खरिद गरिनु, इन्टरनेटको प्रयोग सामाजिक सञ्जालको लागि प्रयोग हुनु, सिसी क्यामेरा जडान मात्र गरिनु, डिजिटल बोर्ड जोडेर १–२ महिना झकाझकी पारिनुलाई सूचना प्रविधिको प्रयोग भनिनु नै भ्रष्टाचार गर्नु हो । किनकि यिनको जुन प्रयोजनको उद्देश्य छ त्यो त बिचरा कम्प्युटरले देख्न र सुँघ्न पनि पाउँदैन त । खै ई–हाजिरीको प्रयोग भएर कर्मचारीहरूको अनुगमन र नियमितता गराउन सकेको, सिसी क्यामेरा हेरेर कुन कर्मचारीले काम गर्‍यो गरेन, कुन सेवा ग्राहीले दुःख पायो, कति काम कति समयमा गर्‍यो भनेर कहिल्यै कसैले हेरेको पाउनु भएको छ ? सायदै कमै मात्रामा होला कुन कार्यालयले हाई स्पिडको इन्टरनेट जडान गरेर कार्यालयको काम छिटो छरितो गरेको छ ? किनकि हाम्रो सामग्री खरिद, व्यवस्थापन र प्रयोग नै अनियमितता नियन्त्रण गर्नु भन्दा प्रश्रय दिने खालको छ ।

त्यसैले कम्प्युटर, इन्टरनेट, मोबाइल आदिको प्रयोग आ–आफ्नो आन्तरिक सञ्जाल निर्माण गरी व्याप्त भ्रष्ट्राचार, अनियमितता, अपारदर्शी क्रियाकलाप आदिलाई निस्तेज र निर्मूल पारिनु पर्छ नकि भ्रष्टाचार र अनियमितता निवारण गर्ने निहुँमा सरकारी बजेटको खर्च मात्रै गरी बिल बढाएर भ्रष्टाचार र अनियमितता गरिनु हुँदैन । यसमा सरकारी क्षेत्रको अग्रसरता र निजी क्षेत्रको साथ र सहयोग भयो भने असम्भव छैन । कर छली रोक्न, अनियमितता र सहज सेवा दिन, यो समयमा घरबाटै सेवा पाउने व्यवस्था गर्न, लाइन लाग्ने कर्मचारीको चाकडी गर्न नपर्ने बनाउने साधन नै सूचना प्रविधि हो जसलाई सही र शत प्रतिशत प्रयोग गरिनु पर्छ । सूचना प्रविधि भ्रष्टाचार र अनियमितताको नियन्त्रक पक्कै हो । यसलाई सही र व्यवस्थितस्र्पले प्रयोग गरिनु पर्छ । होइन भने हामीले गरे जस्तै गर्दै जाने हो भने यो नियन्त्रण गर्ने नभइ भ्रष्टाचार र अनियमितता गर्ने साधन बनी रहेको छ र अझै पनि बन्ने छ ।*प्रशासन अनलाइनबाट*

## गाउँपालिकावासीका लागि जनहितमा जारी सार्वजनिक सन्देश !

१. गाउँपालिकालाई बुझाउनु पर्ने घर, जग्गा, मालपोत दस्तुर, व्यवसाय कर आदि समयमा नै बुझाऔं । २. घटना घटेको ३५ दिनभित्र व्यक्तिगत घटना दर्ता गरौं । ३. सार्वजनिक जग्गा र सम्पत्ति संरक्षणमा गाउँपालिकालाई सहयोग गरौं । ४. आफ्नो घर–आँगनबाट उत्पन्न फोहरलाई व्यवस्थित गरौं । ५. इजाजत पत्र लिएर मात्र व्यापार व्यवसायी गरौं तथा उपभोक्ता आचारसंहिता पालना गरौं । ६. बालबालिकालाई काममा हैन विद्यालय पठाऔं । ७. विकास निर्माण कार्यक्रममा जनसहभागिता जुटाऔं । ८. कृषिको व्यावसायीकरण गरौं । खाद्य सम्प्रभुत्व र आत्मनिर्भर गाउँपालिका निर्माणमा सहभागी बनौं । ९. किसानलाई सम्मान गरौं । जैविक विविधतामा आधारित पर्यावरणीय कृषि पेशा अवलम्बन गरौं ।

बरियारपट्टी गाउँपालिका कार्यालय, सिरहा

अर्नमा गाउँपालिका कार्यालय, सिरहा

नवराजपुर गाउँपालिका कार्यालय, सिरहा

भगवानपुर गाउँपालिका कार्यालय, सिरहा

औरही गाउँपालिका कार्यालय, सिरहा

लक्ष्मीपुर पतारी गाउँपालिका कार्यालय, सिरहा

विष्णुपुर गाउँपालिका कार्यालय, सिरहा

सखुवानन्कारकट्टी गाउँपालिका कार्यालय, सिरहा

नरहा गाउँपालिका कार्यालय, सिरहा

लहानपोस्ट् दैनिकका लागि प्रकाशक : भरत जर्घामगर, सम्पादक : शम्भु कुमार यादव, कानुनी सल्लाहकार : सन्तोष सुवेदी कम्प्यूटर ले–आउट : महेन्द्र प्रसाद चौधरी
कार्यालय :लहान नगरपालिका–१०, सिरहा फोन नं. ०३३५६१९६७, ९८५२८२४९६७, ९८५२८३९३१५ website : www.lahanpost.com , e-mail : lahanpost@gmail.com मुद्रक : न्यू यदुवंशी अफसेट प्रेस, लहान,(सिरहा)